# तमोर–मेवा जलविद्युत आयोजना
# (१२८ मेगावाट)

## ताप्लेजुङ




**स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेड**

ज्ञानेश्वर, काठमाण्डौं

पोष्ट बक्स: २१७५९

Email: info@sparkhydro.com

https://www.facebook.com/sparkhydro/

# स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेड

**कम्पनी परिचयः**

**'स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेड'** कम्पनी ऐन, २०६३ अनुसार स्थापित एक **'पब्लिक लिमिटेड'** कम्पनी हो । यो कम्पनी नेपाली मनमस्तिष्कमा बलियोसँग घरजम गरी बसेको उद्योग स्थापना र सञ्चालन सम्बन्धी परम्परित रुढिको विरुद्धको शंखघोष हो किनभने नेपाली मनमस्तिष्कमा नाम चलेका र पुर्ख्यौली कारणले स्थापित व्यापारी र उद्योगपतिबाहेक नेपालका अन्य नेपाली जनताले कुनै प्रकारका ठुला र महत्वाकांक्षी उद्योग, व्यवसाय सञ्चालन गर्नै सक्दैनन् भन्ने भ्रमले राज्य गरेको छ, जसलाई सत्ताच्यूत नगरेसम्म देशले आर्थिकरुपमा काँचुली फेर्न कुनै हालतमा पनि सक्दैन । जबसम्म धेरैभन्दा धेरै नेपाली जनता ठुला तथा महत्वाकांक्षी उद्योग तथा आयोजनाहरुमा आकर्षित भइ उद्यमी बन्न कोसिस गर्दैनन् तबसम्म देशले ठुलो धनराशी अथवा आय आर्जन गर्न सक्दैन । परम्परितरुपमा प्रबर्द्धन गरिदै आइएको कृषिद्वारा मात्रै देशले गरिबीबाट उन्मुक्तिको सास फेर्न सक्दैन । आजको युगमा कृषिमा आधारित प्रगति एवम् विकास गरेर मात्रै पुग्नेवाला छैन । यो युग त औद्योगिक क्रान्तिको युग हो, विशेष गरेर नेपाली मात्रको लागि त अपरिहार्य नै छ भन्दा अतिशयोक्ति नहोला । त्यसैले हामी र हाम्रो दिमागमा घरजम गरेर बसेको उद्योगपति तथा व्यापारी बारेको परम्परित र पुर्ख्यौली रुढिलाई विस्थापित गरेर हामीले आफूलाई नया‘‘ युगको नयाँ उद्योगपति तथा व्यापारी बनाइ ठुला तथा महत्वाकाँक्षी आयोजनाहरुको बागडोर समाली देशलाई सम्पन्न एवम् समृद्धशाली बनाउने साहस गर्नैपर्छ, होइनभने देशले यथास्थितिबाट कहिल्यै पनि उन्मुक्तिको सास फेर्नसक्ने छैन ।

उपरोक्त तथ्यलाई मनन् गर्दै स्थापना गरिएको स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेड एक 'पब्लिक लिमिटेड' कम्पनी हो । 'पब्लिक लिमिटेड' कम्पनी व्यक्ति वा सिमित व्यक्ति समूहको कम्पनी हुँदैन । यसमा असिमित सदस्य हुनेछन् । चाहना राख्ने जोकोहीले पनि ऐन, कानुनको परिधिभित्र रहेर चाहेको लगानी गर्न सक्नेछन् र सदस्य बन्नेछन् । असिमति सदस्यहरुको लागि साझा लगानीको अवसर सिर्जना गर्ने स्पष्ट उद्देश्यकासाथ यो कम्पनीको स्थापना भएको हो । यो कम्पनी निम्नभन्दा निम्न स्तरका जनता, जोकोहीले आफ्नो क्षमताले भ्याएसम्मको लगानी गरी यस कम्पनीको शेयर खरीद गर्न चाहन्छ भने तिनको सदैव स्वागत गर्न चाहन्छ । यो कम्पनीको स्थापना एकप्रकारले विपन्न वर्गका जनताको सहभागितामा भएको हो । यो कम्पनीमा कुनै ठुला व्यापारी तथा नाम चलेका उद्योगपति छैनन् । यो कम्पनीको स्थापना एकप्रकारले आफैँमा अभियान हो ।

**"एक थुकी सुकी हजार थुकी नदी"** भनेझैँ हामीसँग भएको थोरै लगानी वा पैसालाई एकठाउँमा जम्मा गऱ्यौं भने धेरै हुनेछ । एक/एक जना गरी धेरै जना एकैठाउँमा जम्मा भयौं भने हजारौं, लाखौं र करोडौं हुनेछौं जसबाट धेरै शक्ति मिल्नेछ । त्यसैगरी एक/एक रुपैयाँ एकैठाउँमा जम्मा गऱ्यौं भने हजारौं, लाखौं, करोडौं, अरबौं र खरबौं हुनेछ । आफूसँग भएको पैसामध्ये सानो अंश लगानी गऱ्यौं भने हामीले जस्तै अरुले पनि लगानी गर्दैजाँदा सजिलै ठुलो धनराशी जम्मा हुन समय लाग्दैन जसबाट चाहेअनुसारका सानाठुला आयोजनाहरुको निर्माण सम्पन्न गर्न सक्नेछौं । तपाई-हामीसँग भएको पैसामध्ये सानो अंश वा केही पैसालाई छुट्याएर एक/एक जनाले लगानी गर्दैजाने हो भने हामीसँग ठुलाठुला आयोजना बनाउने लगानी जुट्नेछ । यस्तो लगानी एकैपटक एकैठाउँमा जुट्दैन । कसै न कसैले सकेको लगानी गर्दैजाने हो भने अरुले पनि त्यसरी नै लगानीगर्दै जानेछन्, जसरी खुत्रुक्केमा रुपियाँ-रुपियाँ जम्मा गर्दैजाँदा हजारौं

जम्मा भएको पत्तै हुँदैन त्यसरी नै अरबौं जम्मा हुन समय लाग्दैन । हामीले आँट्ने हो भने- “असम्भव केही छैन, हामी सक्छौं !”

१. **दृष्टिकोण:** प्रचुर मात्रामा उपलब्ध जलस्रोतको अधिकतम उपयोगको लागि निजी क्षेत्रको लगानी, श्रम, शीप र सहभागिता बढाउदै जलविद्युत शक्तिको उत्पादन गरी देशलाई आर्थिकरुपमा सवल बनाइ देशको सर्वाङ्गिण विकासमा योगदान पुर्‍याउनु ।

२. **उद्देश्य:**

१. देशको सवल अर्थतन्त्र निर्माण गर्न जलविद्युत उत्पादनमा निजी क्षेत्रको सहभागिता बढाउने ।
२. तय गरिएको लागतमा निर्धारित समयभित्र गुणस्तरको जलविद्युत आयोजनाको निर्माण सम्पन्न गर्ने ।
३. एकिकृत राष्ट्रिय विद्युत प्रणालीमा तय गरिएको क्षमताअनुसार ऊर्जा आपूर्ति गरी विद्यमान विद्युत संकट न्यूनिकरण गर्नमा सहयोग पुर्‍याउने ।
४. जलविद्युत आयोजना निर्माणमा निजी क्षेत्रको अनुभव र विज्ञता उपयोग गरी भविष्यमा ठूला जलविद्युत आयोजनाहरु सफलतापूर्वक निर्माण तथा सञ्चालन गर्ने ।
५. निजी क्षेत्रको अगुवाइमा विभिन्न जलविद्युत आयोजनाहरु निर्माण तथा सञ्चालन गरी वर्तमानमा विकराल बनेको बेरोजगारी समस्यालाई न्यूनिकरण गर्न प्रसस्त मात्रामा रोजगारी सिर्जना गर्ने ।
६. लगनशीलता र प्रतिबद्धताका साथ जलविद्युत आयोजनाहरुको समयमै निर्माण सम्पन्न गरेर विश्वास जिती बैंक, वित्तिय संस्था तथा निजी क्षेत्रका लगानीकर्ताहरुको ध्यान जलविद्युत निर्माणमा आकर्षित गर्ने ।
७. जलविद्युत आयोजनाहरुको निर्माण गरी देशको औद्योगिक विकास, विस्तारमा योगदान दिने ।

३. **लक्ष्य:**

१. विस्तृत डिजाइन सकी सन् २०२१ को शुरुबाट तमोर-मेवा जलविद्युत आयोजना (१२८ मेगावाट)को पूर्व निर्माण कार्य (Preconstruction work)को थालनी गर्ने ।
२. सन् २०२२ को शुरुबाट आयोजना निर्माण कार्य शुरु गर्ने ।
३. सन् २०२६ भित्र आयोजनालाई तोकिएको मापदण्ड तथा अनुमानित लागतमा सम्पन्न गरी उत्पादन परीक्षण गर्ने ।
४. आयोजनाको पावरहाउस देखि ढुंङ्गेसाँघु, ताप्लेजुङसम्म ८ किलोमिटर २२० के. भी. डबल सर्किट लाइन निर्माण गरी नेपाल विद्युत प्राधिकरणको प्रस्तावित ढंगेसाँघु सबस्टेशनमा आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जडान गर्ने ।

# तमोर-मेवा जलविद्युत आयोजना

(उत्पादन क्षमता १२८ मेगावाट)

## १. आयोजना परिचयः

### (क) पृष्ठभूमिः

सन् १९९९ मा तत्कालिन नेपाल सरकारले अध्ययन गरेका जलविद्युत आयोजनाहरुको निर्माणका लागि स्वदेशी तथा विदेशी इच्छुक कम्पनीहरुलाई निर्माण प्रस्ताव दिन सूचना प्रकाशन गरी 'आव्हान' गरेको थियो । स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेडले उपलब्ध आयोजनाहरुमध्ये १०१ मेगावाट क्षमताको 'तमोर-मेवा जलविद्युत आयोजना'को लागि निर्माण गर्ने प्रस्ताव पेश गरेको थियो र सन् २००० को डिसेम्बर २७ मा स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेडको उक्त प्रस्ताव नेपाल सरकारबाट स्वीकृत गरिएको जानकारी गराइयो । मिति २०६२/१२/०७ मा विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्राप्त भयो ।

तमोर-मेवा जलविद्युत आयोजना ताप्लेजुङ जिल्ला भएर बहने सप्तकोशी नदीको सहायक तमोर र तमोरको सहायक मेवा नदीहरुमा रहेको छ । सन् १९९६ मा नेपाल विद्युत प्राधिकरणबाट 'मध्यम क्षमताको जलविद्युत आयोजना अध्ययन (Medium Hydropower Study Project)' गर्ने क्रममा यसको पहिचान भएको थियो । सन् १९९८ मा नेपाल विद्युत प्राधिकरणले 'क्यानेडियन इन्टरनेशनल वाटर एण्ड इनर्जी कन्सल्टेन्ट'को सहयोगमा आयोजनाको सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्पन्न गरेको थियो । उक्त अध्ययनबाट मेवा जलविद्युत आयोजनाबाट १८ मेगावाट र तमोर आयोजनाबाट ८३ मेगावाट गरी जम्मा १०१ मेगावाटको एउटै 'तमोर-मेवा जलविद्युत आयोजना' निर्माण गर्दा आर्थिक र प्राविधिकरुपले उपयुक्त हुने ठहर गरी एकिकृत सम्भाव्यता अध्ययन र  वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी निर्माणको लागि सरकारलाई सिफारिस गरेको थियो । 'मध्यम क्षमताको जलविद्युत आयोजना अध्ययन **(Medium Hydropower Study Project)**' अन्तरगत अध्ययन भएका १३ आयोजनामध्ये यो आयोजना आकर्षक आयोजनाको रुपमा सिफारिस गरिएको थियो ।

त्यो समयदेखि आजसम्म उक्त आयोजना अर्थात् १०१ मेगावाट (हाल क्षमता वृद्धि भइ १२८ मेगावाट भएको) 'तमोर-मेवा जलविद्युत आयोजना'लाई, विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय मूल्याङ्कन प्रतिवेदन र अन्य आवश्यक कार्यहरु सम्पन्न गरिसकेर निर्माणको चरणमा पुऱ्याइएको छ । पहिले सम्पन्न भइसकेको आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन वर्तमानको अवस्था, दर/रेट र ऊर्जा मन्त्रालयको विद्यमान नीतिअनुसार अद्यावधिक गर्दा यो आयोजनाको उत्पादन क्षमता १२८ मेगावाट भएको हो ।



**तमोर नदीः हेडवर्क्स क्षेत्र (नाङ्गे)**

**(ख) अवस्थितिः**

'तमोर-मेवा जलविद्युत आयोजना'को निर्माणस्थल पूर्वी नेपाल, १ नं. प्रदेशको लिम्बुवान क्षेत्र, मेची अञ्चलको ताप्लेजुङ्ग जिल्लाका फुङलिङ नगरपालिका, मिक्वाखोला, मेरिङदेन र आठराई-त्रिवेणी गाउँपालिकाहरुमा अवस्थित छ । यस आयोजनामा तमोर नदी र मेवा खोलाको पानी प्रयोग गरिनेछ । त्यसैले यस आयोजनाको नाम दुबै जलस्रोतका नामबाट 'तमोर-मेवा जलविद्युत आयोजना' राखिएको हो । समुद्र सतहबाट ५०० मिटर देखि ७५० मिटर बीचमा रहेको आयोजनाको हेडवर्कस उत्तर-दक्षिण मेची राजमार्गको बहानन्देबाट करिब १५ किलोमिटर पश्चिम फुङलिङ नगरपालिकाको वडा नं. १ नाङ्गेमा हेडवकर्स/इन्टेक र फुङलिङ नगरपालिकाकै वडा नं. ३ स्थित गुहेँलीमा अन्डरग्राउण्ड प्रकारको विद्युसतगृह रहनेछ ।



**तमोर नदीः पावरहाउस क्षेत्र (गुहेंली)**

**(ग) आयोजनास्थलसम्म पुग्ने पहुँचमार्ग र दूरीः**

आयोजना स्थल नजिक रहेको मूख्य बजार फुङलिङ -ताप्लेजुङ जिल्लाको सदरमुकाम) पूर्व-पश्चिम राजमार्गको काँकरभिट्टाबाट चारआली हुँदै करिब २४५ किलोमिटर उत्तर रहेको छ भने सो बजारबाट आयोजनाको हेडवर्कस करिब ४ किलोमिटर पश्चिम र विद्युतगृह करिब ८ किलोमिटर दक्षिणमा रहेको छ । आयोजनाको हेडवर्कस तमोर-ओलाङचुङ करिडोर सडक अन्तरगत तमोरको देब्रे किनारामा रहेको हुँदा पहुँच मार्ग बनाइरहनु आवश्यक छैन भने हेडवर्कसदेखि पावरहाउससम्म कच्ची सडक बनिसकेको छ । हाल आयोजना स्थल पुग्न, आयोजनाका मुख्यमुख्य संरचना रहेको स्थानमा आवतजावत गर्न कच्ची बाटो पुगिसकेको छ । आयोजनाको निर्माण कार्य थालनी गर्नुभन्दा पहिले पहुँच मार्गको स्तरोन्नति गर्ने कार्य हुनेछ ।




**आयोजना स्थल**

**(घ) प्रसारण लाइनः**

आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जडान गर्न आयोजनाको पावरहाउसदेखि ढुंङ्गेसाँघु, ताप्लेजुङसम्म ८ किलोमिटर लामो २२० के. भी. डबल सर्किट लाइन निर्माण गरिनेछ ।

**(ङ) आयोजनाको लागत र योजनाः**

हालसालै अद्यावधिक गरिएको विस्तृत सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कनअनुसार यो आयोजनाको कूल लागत २६,१२,००,००,००० अर्व रुपैयाँ कायम गरिएको छ । आयोजनाको कूल लागत जुटाउन स्वलगानी र ऋणको औसत २५:७५ कायम गरिएको छ । प्रबर्द्धक कम्पनी पब्लिक लिमिटेड कम्पनी भएको कारण स्वलगानीको २० प्रतिशत सर्वसाधारण जनताबाट, १० प्रतिशत आयोजना प्रभावित स्थानीय जनताबाट बाँकी ७० प्रतिशत कम्पनीका संस्थापक तथा प्रबर्द्धक शेयरधनीहरुबाट जुटाइनेछ । ७५ प्रतिशत ऋण 'कुमारी बैंक लिमिटेड'को अगुवाइमा सहवित्तियकरण **(Consortium)** प्रणालीबाट जुटाइनेछ ।

**(च) आयोजना निर्माण अवधिः**

सरकारको वर्तमान नीति, नियम र निर्देशिकाअनुसार पहिले नै सम्पन्न भइसकेको आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनको अद्यावधिक कार्य, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार यो आयोजनाको निर्माण अवधि ५ वर्षको हुनेछ ।

**(छ) आयोजनाको हालसम्मको प्रगति अवस्थाः**

१. सर्वेक्षण अवधिभित्र गर्नुपर्ने सम्पूर्ण अध्ययन कार्यहरु सम्पन्न गरी मिति २०७५/०९/०५ मा विद्युत उत्पादन अनुमतिपत्र प्राप्तिको लागि तोकिएको अनुमतिपत्र दस्तुरसहित विद्युत विकास विभाग मार्फत ऊर्जा मन्त्रालयमा दरखास्त पेश गरिएको छ ।

२. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी स्वीकृति सिफारिसको लागि विद्युत विकास विभागमा पेश गरिएको र प्रतिवेदन जाँचबुझ गरी आवश्यक संशोधन गराइ ऊर्जा मन्त्रालयबाट स्वीकृतिको लागि मिति २०७५/०९/०८ मा वन तथा वातावरण मन्त्रालयमा पठाइसकिएको छ ।

३. आयोजनाबाट उत्पादित विद्युत बिक्रीको लागि **विद्युत खरिद-बिक्री सम्झौता** बारे नेपाल विद्युत प्राधिकरणबाट मिति २०७५/०२/२७ मा **विद्युत खरिद गर्ने आशयपत्र (Letter of Intent)** प्राप्त गरिसकिएको छ ।

४. नेपाल विद्युत प्राधिकरणसँग 'विद्युत खरिद-बिक्री सम्झौता'को लागि **प्रसारणलाइन जडान सम्झौता (Grid Connection Agreement)** मिति २०७५/०४/३१ मा सम्पन्न भइसकेको छ ।

५. आयोजना निर्माणमा आवश्यक ऋण लगानीको लागि कुमारी बैंक लिमिटेडको अगुवाइमा सहवित्तियकरण **(Consortium)** प्रणालीबाट जुटाइने आशयपत्र **(Letter of intent)** प्राप्त भइसकेको छ ।

## २. आयोजना अन्तरगत प्रस्तावित कार्यहरु र कार्य योजनाः

आयोजना अन्तरगतका प्रमुख क्रियाकलापहरु र ती क्रियाकलापहरु सम्पन्न गर्नका लागि तय गरिएका कार्य योजना निम्नानुसार छन्ः

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | शुरु गर्ने मिति | सम्पन्न गर्ने मिति | अवधि |
|---|---|---|---|---|
| १ | विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गर्ने | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | १२ महिना |
| २ | वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउने | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | ६ महिना |
| ३ | जग्गा अधिग्रहण | आ.व. २०७७/७८ | आ.व. २०७७/७८ | ८ महिना |
| ४ | विद्युत खरिद-बिक्री सम्झौता | आ.व. २०७६/७७ | आ.व. २०७६/७७ | ८ महिना |
| ५ | क्याम्प अफिस निर्माण तथा पूर्वाधार निर्माण | आ.व. २०७७/७८ | आ.व. २०७७/७८ | ६ महिना |
| ६ | विस्तृत इन्जिनियरिङ्ग डिजाइन र बिड डकुमेन्ट्स तयार पार्ने | आ.व. २०७७/७८ | आ.व. २०७७/७८ | १२ महिना |
| ७ | ठेकेदार छनौट र ठेक्का दिने | आ.व. २०७८/७९ | आ.व. २०७८/७९ | ४ महिना |
| ८ | सिभिल, सुरुङ मार्ग, हेडवर्कस, पावरहाउस, टेलरेस, स्वीचयार्ड, हाइड्रोमेकानिकल वर्कस, इलेक्ट्रोमेकानिकल वर्कस, २२० केभी प्रसारण लाइन निर्माण कार्यहरु, टेस्टिङ, कमिस्निङ कार्य | आ.व. २०७८/७९ | आ.व. २०८२/८३ | ५ वर्ष |
| ९ | व्यवसायिक उत्पादन परिक्षण | आ.व. २०८२/८३ | आ.व. २०८२/८३ | १२ दिन |

## ३. आयोजनाको संक्षिप्त जानकारीः

| | | |
|---|---|---|
| **आयोजनाको नाम** | : | **तमोर(मेवा जलविद्युत आयोजना** |
| नदीको नाम | : | तमोर र मेवा |
| **विद्युतगृह निर्माण स्थल** | : | **गुहैंली, फुङलिङ नगरपालिका वडा नं. ३, ताप्लेजुङ** |
| जडित क्षमता | : | **१२८ मेगावाट** |
| औसत वार्षिक ऊर्जा उत्पादन | : | ७१९.११ गिगावाट घण्टा |
| ग्रस हेड | : | १२४.५ मिटर |
| डिजाइन डिस्चार्ज | : | ९५.३८ घन मिटर/सेकेण्ड |
| हेडरेस सुरुङको प्रकार | : | मोडिफाइड हर्स सू आकार |
| **हेडरेस सुरुङको लम्बाई** | : | **४७६० मिटर** |
| हेडरेस सुरुङको भित्री ब्यास | : | ७ मिटर |
| हेडरेस सुरुङको लाइनिङको प्रकार | : | कंक्रिट लाइन्ड |
| टर्वाइन | : | भर्टिकल एक्सिस फ्रान्सिस |
| आयोजनाका अन्य संरचनाहरु | : | डाइभर्सन वेयर, इन्टेक, डिसेन्डिङ बेसिन, सर्ज टैंक, प्रेसर साफ्ट, टैलरेस, फिस ल्याडर |
| प्रसारण लाइन | : | ८ किलोमिटर (राष्ट्रिय प्रसारणको हाङपाङ सबस्टेशनमा जोडिनेछ ) |
| **विद्युतगृहको प्रकार (पावरहाउस)** | : | **भूमिगत (अन्डरग्राउन्ड)** |
| विद्युतगृहको साइज | : | लम्बाई ७० मिटर, चौडाई २० मिटर र उचाई २९ मिटर |
| **आयोजनाको लागत** | : | रु. २६,१२,००,००,०००/- |
| **प्रति मेगावाट लागत** | : | रु. २०,४०,६२,५००/- |
| ऋण र स्वलगानीको औसत | : | ७५:२५ |
| आयोजना सम्पन्न हुने वर्ष | : | २०८३ वि. सं. |

आयोजनाको आर्थिक विश्लेषण

| | | |
|---|---|---|
| कूल लागत | : | २६.१२ अर्ब रुपैयाँ |
| आइ. आर. आर. | : | १३.७५% |
| आर. ओ. इ. | : | १७.४४% |
| बि. सि. आर. | : | १.३३% |

## ४. अग्राधिकार शेयर बारेः

कम्पनीले प्रबर्द्धन गरेको तमोर-मेवा जलविद्युत आयोजना (१२८ मेगावाट)को निर्माणको लागि आवश्यक लगानी जुटाउने सिलसिलामा अग्राधिकार शेयरमा गरिने लगानीको सुरक्षा र फाइदालाई मध्यनजर गर्दै कम्पनीको १९औं वार्षिक साधारणसभाले विशेष प्रस्तावमार्फत पारित गरेको म्यान्डेटअनुसार हाललाई जारी गरिएको शेयरमध्ये २०% (बीस प्रतिशत) शेयर अर्थात् रु. २२,००,००,०००/- (२२००००० थान शेयर कित्ता) अग्राधिकार शेयरको रुपमा जारी गर्ने र अग्राधिकार शेयरको प्रति कित्ता मूल्य रु. १००/- (सय रुपैयाँ) हुनेगरी प्रतिवर्ष लाभांशवापत ( प्रतिफल) वार्षिक ७% (सात प्रतिशत) शेयर दिने, आयोजनाको व्यवसायिक उत्पादन शुरु नभइन्जेलसम्म प्रतिवर्ष लाभांशवापत (प्रतिफल) वार्षिक ७% (सात प्रतिशत) शेयर बेग्लै हिसाब

खातामा राखी जोड्दै जाने र व्यवसायिक उत्पादन भएको वर्ष वितरण गर्दा रु. १००/- ले भाग गर्दा हुनआउने जम्मा शेयर कित्ता अग्राधिकार शेयरवापत शुरुमा कायम शेयर संख्यामा जोडिनेछ । व्यवसायिक उत्पादन भएको वर्षमा अग्राधिकार शेयरमा लगानी गरेवापत लाभांशवापतको शेयर हिसाबसमेत शेयरमा परिवर्तित हुनेभएकोले कम्पनीको वार्षिक साधारणसभाले विशेष प्रस्ताव पारित गरी अग्राधिकार शेयरलाई साधारण शेयरमा परिणत गरिनेछ ।

व्यवसायिक उत्पादन भएपछि पनि कुनै अग्राधिकार शेयरधनीले आफ्नो अग्राधिकार शेयरलाई निरन्तरता दिन चाहेमा उक्त अग्राधिकार शेयरलाई आयोजनाको व्यवसायिक उत्पादन भएको वर्षबाट गणना हुनेगरी पहिलो ५ वर्ष कायम गर्न सकिनेछ र त्यस्तो अग्राधिकार शेयरलाई प्रतिवर्ष १०% (दश प्रतिशत) लाभांश वा प्रतिफलवापत शेयर उपलब्ध हुनेछ । त्यसरी प्राप्त हुने लाभांश वा प्रतिफल अग्राधिकार शेयरवालाले हरेक वर्ष वितरण गर्दा रु. १००/- ले भाग गर्दा हुनआउने जम्मा शेयर कित्ता अग्राधिकार शेयरधनीको शेयर संख्यामा जोडिनेछ ।

**नोटः**

१. अग्राधिकार शेयरको व्यवस्था गर्नुको मुख्य उद्देश्य अग्राधिकार शेयरमा लगानी गर्ने महानुभावहरुको लगानीलाई अन्य शेयरधनीभन्दा विशेष प्राथमिकता दिएर लगनीलाई सुरक्षित महसुस गराउनु हो । साधारण शेयरधनीले उत्पादन हुनुपुर्व कुनै सुविधा पाउदैन तर अग्राधिकार शेयरधनीले निश्चित ७% (७ प्रतिशत) प्रतिफल प्राप्त गरिरहन्छ ।

२. अग्राधिकार शेयर खरिद गर्न चाहने प्रति व्यक्ति वा संस्थाले **रु. १,००,०००/( (एकलाख रुपैयाँ) देखि रु. ५,००,००,०००/( (पाँच करोड) सम्म** लगानी गर्न सक्नेछन् । अग्राधिकार शेयरको प्रमाणपत्र शेयर खरिद गरेको मितिबाट ३ महिनाभित्र उपलब्ध गराइनेछ ।

३. अग्राधिकार शेयर खरिद गर्नका लागि निम्नलिखित बैंकहरुमा रहेका कम्पनीका चल्ती खाता नम्बरहरुमा जम्मा गरी सक्कल भौचर कम्पनीलाई बुझाउनुपर्नेछ । सक्कल भौचर बुझाएपछि शेयर खरिदवापत बुझाएको रकमको रसिद उपलब्ध गराइनेछ ।

**भौचर भर्दा निम्नानुसार भर्नुहुन अनुरोध छः**

***Bank Account Details:***

Account Holder's Name: **Spark Hydroelectric Company Limited**

| S. No. | Name of Bank | Account No. | Branch |
|---|---|---|---|
| 1 | Mega Bank Nepal Limited | 0010010151413 NPR | Kamaladi, Kathmandu |

# Tamor-Mewa Hydroelectric Project (128 MW)

Project Location and Boundary Evaluation

